३९८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २४/२०७१/०७२

निर्णय नं. १

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहाल ............................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं ........................................१ विपक्षी

सूचना अधिकारी, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं ........................................१

विषय :- उत्तरपुस्तिका एवं प्राप्तांक सम्बन्धी सूचना सम्बन्धमा ।

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहालले नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।६।३ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह नगरी संरक्षण गर्ने व्यवस्था गरेको छ ।

निवेदकले माग गरेको छैठौं तहको सहायक प्रबन्धक पदको खुला प्रतियोगिताको मिति २०७०।०४।३२ र मिति २०७०।०५।०१ गते संचालित लिखित परीक्षा र मिति २०७०।०९।०८ गते संचालित अन्तर्वार्ताको तपसिलको सूचना दिन मिल्ने भए दिनू र नमिल्ने भए उचित र पर्याप्त कारण सहित निवेदकलाई ७ (सात) दिन भित्र माग अनुसारको सूचना उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयका प्रमुख र सूचना अधिकारीको नाममा यस पूर्व विभिन्न मितिमा आदेश भई कार्यान्वयनका लागि तहाँ कार्यालयमा पठाएको । पछिल्लो पटक मिति २०७२।०३।३१, च.नं. १५५६ को पत्रबाट निवेदकलाई चौबीस (२४) घण्टा भित्र सूचना उपलब्ध गराई आयोगलाई जानकारी दिनू भन्ने पत्राचारको सम्बन्धमा तहाँको मिति २०७२।०३।३१, च.नं. २८३२ को पत्र मार्फत आदेश कार्यान्वयन गर्न नसकिने भन्ने व्यहोरा समेत प्राप्त हुन आयो । सो पत्रमा "बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको व्यस्थापन समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बनाएको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ९ मा अधिकृत तथा सहायक स्तरको रिक्त पदमा नयाँ नियुक्ति र बढुवाद्वारा पूर्ती गर्नको लागि संचालक समितिले पदपूर्ति समिति गठन गर्न सक्ने व्यवस्था रहेको र ऐ. विनियमावलीको विनियम १०, ११, १२, १३, १४, १५, १६ र १७ समेतमा परीक्षा सम्बन्धी प्रक्रिया बारेमा व्यवस्था रहेकाले उक्त विनियमावलीको व्यवस्था तथा तत्

सम्बन्धी प्रक्रियाहरुमा कही कतै निवेदकले मागेको विवरण उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था नभएको नरहेको" भन्ने व्यहोरा उल्लेख भएको ।

आफू र सार्वजनिक महत्वको सूचना माग्ने र प्राप्त गर्ने नेपाली नागरिकको मौलिक हकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्याभूत गरेको र सो हकको कार्यान्वयनका लागि बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा तीन (३) ले हरेक सार्वजनिक निकायले कुन सूचना प्रवाह गर्ने र कुन सूचना प्रवाह नगरी संरक्षण गर्ने भन्ने प्रष्ट व्यवस्था गरेको र विपक्षी बैंकले दावी गरे अनुसारको सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा ३ बमोजिम मागकर्ताले माग गरेको सूचना प्रवाह गर्न रोक लगाएको नदेखिएकोले विपक्षी बैंकको उल्लेखित दावीसंग आयोग सहमत हुन सकेन ।

अतः यस आयोगबाट भएको आदेश अटेर गरी कार्यान्वयन नगर्ने विपक्षी बैंकका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन सजाय गर्न नपर्ने हो ? सजाय गर्न नपर्ने कुनै कारण र सबुत प्रमाण भए त्यस्तो कारण र सबुत प्रमाण सात (७) दिन भित्र यस आयोगमा पठाउनू भनी विपक्षी बैंकका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । आदेशको प्रतिलिपि साथै राखी पठाउनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल श्रावण १३ गते रोज ४ शुभम् ।